नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(वातावरण तथा विपद् व्यवस्थापन शाखा)
सिंहदरबार, काठमाण्डौ ।

फोन नं. ४२००३०९
४२००४८२
Website: www.mofaga.gov.np
Email:cdms.mofaga@gmail.com

प.सं.:-२०७५/७६
च.नं.:- ३२५

मितिः २०७५/१२/१८

विषयः VFL-2019 कार्यक्रमका लागि आवश्यक सहयोग र सहजिकरण गर्ने सम्बन्धमा ।

कमल गाउँपालिका, झापा
खुम्बु पासाङ्गल्हामु गाउँपालिका, सोलुखुम्बु
उदयपुरगढी गाउँपालिका, उदयपुर
जनकपुर उपमहानगरपालिका, धनुषा
कालिन्चोक गाउँपालिका, दोलखा
ललितपुर महानगरपालिका, ललितपुर
चाँगुनारायण नगरपालिका, भक्तपुर
चन्द्रागिरी नगरपालिका, काठमाण्डौं
ब्यास नगरपालिका, तनहुँ
गल्याङ्ग नगरपालिका, स्याङ्जा
ऐरावत गाउँपालिका, प्यूठान
विरेन्द्रनगर नगरपालिका, सुर्खेत
सिंजा गाउँपालिका, जुम्ला
गोदावरी नगरपालिका, कैलाली
नौगाड गाउँपालिका, दार्चुला

उपरोक्त विषयमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका सन्दर्भमा सेन्ढाई कार्यसंरचनामा समावेश भएका क्रियाकलापहरुको मूल्यङ्कनको सन्दर्भमा नागरिक समाज तथा समुदायका सदस्यहरुका धारणा सर्वेक्षणका लागि Views From The Frontline-VFL-2019 कार्यक्रम सञ्चालनको लागि सातैवटा प्रदेश तथा तिनैवटा भौगोलिक क्षेत्रको प्रतिनिधित्व हुने गरि स्थानीय तहहरु छनौट गरिएकोमा तहाँ कार्यालय पनि समाविष्ट भएको व्यहोरा अवगत गराईन्छ । अतः उक्त गाउँ/नगरपालिकाको सबै भन्दा संकटासन्न तथा पिछडिएको वडा/समुदाय चयन गर्ने लगायत कार्यक्रम सञ्चालनकालागि आवश्यक सहयोग तथा सहजिकरण गरिदिनु हुन आदेशानुसार अनुरोध छ ।

२०७५/१२/१८
(रीनु थपलिया)
शाखा अधिकृत

बोधार्थः
श्री जिल्ला समन्वय समिती (सबै, आवश्यक समन्वय तथा सहजिकरणका लागि)
श्री सूचना तथा प्रविधि शाखाः यसै बमोजिमको पत्र वेभ साईटमा राखिदिन हुन ।

जि.का. काठमाडौं, द.नं. ३६४/०५०/०५१
समाज कल्याण परिषद आबद्धता नं. ७५१

DAO, Kathmandu, Regd. No 364/050/05
Social Welfare Council Affiliation No.: 751
PAN: 30154437

63
०७५।१२।१२

NSET
Earthquake Safe Communities in Nepal

भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल
(स्थापित २०५१)

NATIONAL SOCIETY FOR EARTHQUAKE TECHNOLOGY-NEPAL (NSET)
(Estd. 1994)

मिति: २०७५/१२/०७

श्री सचिवज्यू,
संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
काठमाडौं, नेपाल ।

विषय: **"स्थानीय तहमा विपद् जोखिम न्यूनीकरणका लागि VFL-२०१९ कार्यक्रम सन्चालन गर्न गाउँ/नगरपालिकाहरुलाई संयोजन तथा निर्देशन गरिदिनु हुन ।**

महोदय,

विश्वव्यापी रुपमा विपद जोखिम न्यूनीकरण तथा पूर्वतयारीका विषयमा काम गर्न सन् २००५ मा ह्योगो कार्य संरचना (Hyogo Framework for Action - HFA) तय गरिएको थियो । यस कार्य संरचनाले विपद् जोखिम तथा पूर्वतयारी सम्बन्धी सबै कार्यहरु संचालनका लागि पाँच प्रमुख प्राथमिकताहरु सुझाएको थियो । २०१५ मा ह्योगो कार्य संरचनाबाट सिकेका पाठहरुको आधारमा सन् २०१५-२०३० सम्म विपद् जोखिम न्यूनीकरणका लागि सेन्दाइ कार्यसंरचना (Sendai Framework for Disaster Risk Reduction- SFDRR) अन्तरगत ४ प्राथमिकताहरु तय गरेर काम भईरहेको छ ।

ह्योगो कार्य संरचना तथा विपद जोखिम न्यूनीकरणका लागि सेन्दाइ कार्यसंरचनामा समावेश भएका क्रियाकलापहरुको सम्बन्धित मुलुकमा प्रत्येक २ वर्षमा मूल्याङ्कन हुने गरेको छ । यस्तो प्रकारको मूल्याङ्कन मुख्यतया २ तहमा गर्ने गरिएको छ । प्रथम तहमा केन्द्रियस्तरबाट सम्बन्धित मन्त्रालयहरु, दोश्रो समुदायस्तरमा विपद जोखिम व्यवस्थापनमा अग्रणी भूमिका निर्वाह गर्ने नागरिक समाज तथा समुदायका सदस्यहरुद्वारा गर्ने गरिएको छ ।

"भ्युज फ्रम द फ्रन्टलाइन" (Views from Frontline-VFL-2019 ) यही प्रक्रिया अन्तर्गत नागरिक समाज तथा समुदायका सदस्यहरुको धारणा सर्वेक्षण गर्ने कार्यक्रम हो । यो कार्यक्रमको लागि विपद् जोखिम न्यूनीकरणमा नागरिक सामाजको विश्वव्यापी सञ्जाल (Global Network of Civil Society Organization for Disaster Risk Reduction -GNDR) बाट आंशिक आर्थिक सहयोग हुने गरेको छ । VFL२०१९ नेपालको ७ वटै प्रदेश तथा तीनवटै भौगोलिक क्षेत्रमा प्रभावकारी रुपले सन्चालन गर्न राष्ट्रिय सल्लाहकार समिति गठन भएको छ । उक्त समितिमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय समेत रहेको जानकारी गराउँदछौं । २०७५ माघ २५ गते बसेको राष्ट्रिय सल्लाहकार समितिको बैठकले VFL२०१९ सञ्चालन गर्नका लागि GNDR ले राखेका प्रावधानहरुका आधारमा तपशील बमोजिमका १५ वटा गाउँ/नगरपालिका प्रस्तावित भएको छ ।

यसै राष्ट्रिय सल्लाहकार समितिको निर्णय अनुसार प्रस्तावित नगर/गाउँपालिकाको सबभन्दा **संकटासन्न तथा पिछडिएको वडा/समुदाय चयन** तथा यस सम्वन्धी अन्य कार्यमा संयोजन तथा सहयोगका लागि मन्त्रालयमार्फत सम्वन्धित नगर/गाउँपालिकाका कार्यालयहरुलाई निर्देशित गरी सहयोग गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु ।
धन्यवाद ।

भवदीय,

सूर्य नारायण श्रेष्ठ
कार्यकारी निर्देशक
भूकम्प प्रविधि राष्ट्रिय समाज नेपाल



घर-६५, CR-१३, सैंबु आवास, भैंसेपाटी । ललितपुर महानगरपालिका-२५, नेपाल । पो.ब. नं. १३७७५, काठमाडौं, नेपाल । फोन नं.: (९७७-१) ५५९१००० । फ्याक्स नं.: (९७७-१) ५५९२६९
House 65, CR-13, Sainbu Awas, Bhainsepati | Lalitpur Metropolitan City-25, Nepal | P.O.Box No.: 13775, Kathmandu, Nepal
Tel: (977-1) 5591000 | Fax: (977-1) 5592692, 5592693 | E-mail: nset@nset.org.np | Website: www.nset.org.np

# प्रस्तावित समुदायहरु

| साझेदार संस्था: नव प्रभात नेपाल, उदयपुर | | | | सम्पर्क व्यक्तिको नाम: दुर्गानन्द चौधरी | | |
|---|---|---|---|---|---|---|
| संम्पर्क नं. ९८६२९१३३२२ | | | | इमेल: **dnchy.np@gmail.com** | | |
| प्रदेश | जिल्ला | पालिका | प्रस्तावित वडा नं. | प्रस्तावित समुदाय /टोल | भूगोल | प्रकोप |
| १ | झापा | कमल गाउँपालिका | १ | शरनपरा | तराई | आगलागी/बाढी |
| १ | सोलुखुम्बु | खुम्बु पासाङ्गल्हामु गाउँपालिका | १ | खरीखोला | हिमाल | पहिरो/मौसमी |
| १ | उदयपुर | उदयपुरगढी गाउँपालिका | ५ | बिरौटा, कुसुमबाटे, तेलातेले | पहाड | आगलागी/बाढी |
| २ | धनुषा | जनकपुर उपमहानगरपालिका | १ | धर्मबन टोल | तराई | आगलागी/मौसमी |

| साझेदार संस्था: फ्रेन्ड्स सर्भिस काउन्सिल नेपाल, महालक्ष्मी नगरपालिका -४, ललितपुर | | | | सम्पर्क व्यक्तिको नाम: श्री माधवी प्रधान ९८५१०९८४७५ | | |
|---|---|---|---|---|---|---|
| संम्पर्क नं. ०१५२०१४९७ | | | | इमेल: **info@fscnepal.org** | | |
| प्रदेश | जिल्ला | पालिका | प्रस्तावित वडा नं. | प्रस्तावित समुदाय /टोल | भूगोल | प्रकोप |
| ३ | दोलखा | कालिन्चोक गाउँपालिका | वडा नं. २ | | हिमाल | पहिरो/मौसमी |
| ३ | ललितपुर | ललितपुर महानगरपालिका | वडा नं. १२ | | पहाड | आगलागी |
| ३ | भक्तपुर | चाँगुनारायण नगरपालिका | | | पहाड | पहिरो |
| ३ | काठमाण्डौ | चन्द्रागीरी नगरपालिका | | | पहाड | पहिरो |

| साझेदार संस्था: फुलवारी एकिकृत ग्रामिण विकास संस्था नेपाल, प्युठान नगरपालिका -१ खैरा, प्युठान | | | | सम्पर्क व्यक्तिको नाम: श्री टिकाराम आचार्य ९८५७८३२७९३ | | |
|---|---|---|---|---|---|---|
| संम्पर्क नं. ०८६४६०७१२ | | | | इमेल: **fulvari@gmail.com** | | |
| प्रदेश | जिल्ला | पालिका | प्रस्तावित वडा नं. | प्रस्तावित समुदाय /टोल | भूगोल | प्रकोप |
| ४ | तनहुँ | ब्यास नगरपालिका | वडा नं. | वडा नं. १ | पहाड | बाढी पहिरो |
| ४ | स्याङ्जा | गल्याङ्ग नगरपालिका | वडा नं. ५ | स्यालबास, सल्यान | पहाड | बाढी पहिरो |
| ५ | प्युठान | ऐरावती गाउँपालिका | वडा नं. | | पहाड | बाढी पहिरो |

| साझेदार संस्था: फाया नेपाल, धनगढी उप महानगरपालिका, कैलाली | | | | सम्पर्क व्यक्तिको नाम: धर्मराज पाठक ९८५८४२००९७ | | |
|---|---|---|---|---|---|---|
| संम्पर्क नं. ०९१५२४३२९ | | | | इमेल: **drpathak97@gmail.com** | | |
| प्रदेश | जिल्ला | पालिका | प्रस्तावित वडा नं. | प्रस्तावित समुदाय /टोल | भूगोल | प्रकोप |
| ६ | सुर्खेत | बिरेन्द्रनगर नगरपालिका | | | पहाड | आगलागी/बाढी |
| ६ | जुम्ला | सिंजा गाउँपालिका | वडा नं. १ | | हिमाल | पहिरो/मौसमी |
| ७ | कैलाली | गोदावरी नगरपालिका | | | तराई | आगलागी/बाढी |
| ७ | दार्चुला | नौगाड गाउँपालिका | | | हिमाल | पहिरो/मौसमी |